नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# स्वास्थ्य सेवा विभाग
# उपचारात्मक सेवा महाशाखा

☎ ४१०००८०
फ्याक्स : ४१०००५२
इमेल : csd.teku@gmail.com

पत्र संख्या : ०८२/८३
चलानी नम्बर:

## " स्वास्थ्यमा सर्वव्यापी पहुँच दिवस " (UHC Day) २०२५ डिसेम्बर १२ को उपलक्ष्यमा जारी प्रेस विज्ञप्ति

**" स्वास्थ्यमा सर्वव्यापी पहुँचका लागि वित्तीय सुरक्षा "**
**" सुलभ स्वास्थ्य सेवा : हाम्रो चाहना "**

स्वास्थ्यमा सर्वव्यापी पहुँच भनेको सबै समुदायका मानिसहरुले आर्थिक कठिनाई बिना गुणस्तरीय स्वास्थ्य सेवाहरुमा पहुँच पाउनु हो। यसले स्वास्थ्य प्रबर्द्धनदेखि रोकथाम, उपचार, पुर्नस्थापना र जीवनको उत्तरार्द्धमा चाहिने हेरचाह सम्मलाई समेट्छ र यो सुदृढ प्राथमिक स्वास्थ्य सेवा प्रणालीमा आधारित हुन्छ। स्वास्थ्यमा सर्वव्यापी पहुँचले मानिसहरुलाई गरिबीको रेखाबाट माथि उठ्न मद्धत गर्दछ, पारिवारिक तथा सामुदायिक स्वास्थ्यको स्तरोन्नती हुन्छ, जनस्वास्थ्य संकटहरुको जोखिम कम हुन्छ र सबैले सहजै स्वास्थ्य सेवा पाउने स्थिति निर्माण हुन्छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नेपालको संविधान, जनस्वास्थ्य सेवा ऐन, जनस्वास्थ्य नियमावली, राष्ट्रिय स्वास्थ्य नीति तथा कार्यक्रमहरु मार्फत नागरिकहरूको आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने, आकस्मिक उपचार सेवा सबैलाई उपलब्ध हुने र गुणस्तरीय उपचार सेवा पाउने मौलिक हकलाई सुनिश्चित गर्न वार्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ। संघिय संरचना पश्चात सामाजिक-आर्थिक भिन्नता, शैक्षिक स्थिति, फरक स्वास्थ्य आवश्यकतालाई मध्यनजर गरी राष्ट्रिय स्वास्थ्य नीति तर्जुमा गरिएको छ जसले गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपलब्धतामा जोड दिन्छ। सेवाविहिन जनसंख्यामा समतामूलक सेवा उपभोगको वातावरण निर्माण गर्ने, सेवा प्रवाहलाई सुदृढ गर्ने र त्यस्ता समुदायबाट स्वास्थ्य सेवाको माग बढाउने परिकल्पना गरेको छ।

स्वास्थ्यमा सर्वव्यापी पहुँचको सिद्धान्तमा आधारित भई नेपालले स्थानीय तहका सबै वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र, सबै स्थानीय तहमा आधारभूत सेवा उपलब्ध गराउने अस्पताल, सातवटै प्रदेशमा विशेषज्ञ सेवा प्रदान गर्ने आधुनिक अस्पताल, ७७ वटै जिल्लामा प्रभावकारी रुपमा स्वास्थ्य बीमा कार्यक्रमको विस्तार, विपन्न नागरिकहरूका लागि जटिल प्रकृतीका नसर्ने रोगहरूको उपचार कार्यक्रम लगायत विशेषज्ञ एवं विशिष्टिकृत सेवाहरूको विकास र विस्तार गर्दै आएको छ। यसका साथै सेवा नपुगेका दुरदराजमा टेलीमेडिसिन जस्ता प्रविधिमार्फत स्वास्थ्य सेवाहरु उपलब्ध गराउने कार्यक्रमहरू पनि सञ्चालनमा छन्।

बहुपक्षीय सहकार्यमार्फत आधारभूत स्वास्थ्य सेवा विस्तार गर्ने, स्वास्थ्य सेवा प्रदायकहरूको कार्यसम्पादन प्रभावकारी बनाउने, स्वास्थ्य संस्थाहरूको समयानुकूल क्षमता अभिवृद्धि गर्ने, विशेषज्ञ एवं विशिष्टिकृत सेवा विकास तथा विस्तार गर्ने, नागरिकको आवश्यकता र क्षमतालाई आधार मानी स्वास्थ्य बीमा कार्यक्रमलाई परिमार्जन गर्ने लगायतका नीति कार्यक्रम प्राथमिकतामा छन्। नेपालको स्वास्थ्य क्षेत्रमा व्याप्त असमानताहरुको सम्बोधन गर्न र स्वास्थ्यमा सर्वव्यापी पहुँच हासिल गर्ने दिशामा काम गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मार्गचित्र तयार गरी सोही अनुसारका रणनीतिक कार्ययोजना सञ्चालन गर्दै जानेछ। अन्त्यमा, स्वास्थ्यमा सर्वव्यापी पहुँच प्राप्तीका लागि नेपाल सरकारको यस अभियानमा सहकार्य गर्न देशका नीतिनियम निर्माता, व्यवस्थापक, कार्यक्रम संचालक, शैक्षिक प्रतिष्ठान, साझेदार निकायहरु एवं सरोकारवाला जनसमुदायहरुलाई आह्वान पनि गर्दछौं।

डा. पवन जंग रायमाझी
निर्देशक

मिति २०८२/०८/२६